नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग

शिक्षा विकास तथा समन्वय एकाइ

भक्तपुर
२०७५

च.सं.: २०८३/८४ मिति २०८३/०७/२०

च.नं.: ९२८ ने. सं. ११४६ कौलागा १२,शुक्रवार

विषय ; विद्यालयको जग्गा व्यवस्थापन सम्बन्धी निर्देशन सम्बन्धमा ।

श्री सामुदायिक विद्यालय सबै,

प्रस्तुत विषयमा शिक्षा विभाग, शैक्षिक सुचना व्यवस्थापन शाखा, सानोठिमी भक्तपुरको च. नं. ०९ मिति २०८३/०७/२० को प्राप्त पत्र अनुसार यस जिल्ला अन्तर्गतका सम्पुर्ण सामुदायिक विद्यालयहरुले चर्चैको जग्गा व्यवस्थापन कार्यलाई अभियानकै रुपमा सम्पन्न गर्नका लागि यसै पत्रका साथ संलग्न छाँयाप्रति बमोजिम विद्यालयको जग्गा सम्बन्धी विवरण IEMIS मा विद्यालयबाट प्रविष्ट गर्नुहुन साथै सो प्रविष्टि पछि प्राप्त प्रतिवेदन विद्यालयबाट प्रमाणित गरी यस एकाइमा पेश गर्नुहुन अनुरोध छ।

लोकनाथ आचार्य

एकाइ प्रमुख

बोधार्थ ;

श्री शिक्षा विभाग,सानोठिमी, भक्तपुर,

श्री पोखरा महानगरपालिका, शिक्षा महाशाखा, मादी, रुपा, माछापुच्छ्रे, अन्नपुर्ण गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा – विद्यालयबाट IEMIS मा प्रविष्टी गर्ने देखि विद्यालयले प्रमाणित गरेको सो प्रतिवेदन संकलन र यस एकाइ सम्म सम्प्रेषणका लागि आवश्यक सहयोग,समन्वय र सहजीकरण गरिदिनुहुन।

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय

शिक्षा विभाग

(शैक्षिक सूचना व्यवस्थापन शाखा)
सानोठिमी, भक्तपुर

पत्र संख्या: २०८३/०८४
चलानी नं. ७९

मितिः२०८३।०७।२०

विषयः विद्यालयको जग्गा व्यवस्थापन सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय एकाइ, सबै ।

प्रस्तुत विषयमा तहाँ अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरूले चर्चेको जग्गा व्यवस्थापनकार्यलाई अभियानकै रुपमा सम्पन्न गर्नका लागि विद्यालयको नाममा जग्गाधनी प्रमाणपत्र रहेको, सरकारी जग्गा भोगचलनको कागज भएको, सरकारी जग्गा भोगचलनको कागज नभएको, सार्वजनिक तथा सामुदायिक निस्सा भएको, भाडामा लिएको/दिएको, ऐलानी वा प्रति जग्गा, अन्य किसिमको जग्गा लगायतका सम्पूर्ण जग्गा सम्बन्धी विवरण अद्यावधिक गर्न सोका लागि आवश्यक सहजीकरण गर्ने र विद्यालयको जग्गा सम्बन्धी विषयहरू दीर्घकालीन रुपमा समाधान गर्न सरोकारवाला पदाधिकारी, निकाय, संस्था, व्यक्तिसँग आवश्यक समन्वय र सहजीकरण गरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा विद्यालयबाट प्रविष्ट गर्न लगाई सोको व्यवस्थापनका लागि गर्नुपर्ने उपायसमेत यकिन गरी सोबाट प्राप्त प्रतिवेदन विद्यालयबाट प्रमाणित गरी दुई महिना भित्र जिल्लाको एकमुष्ट प्रमाणित प्रतिवेदन पठाउनुहुन मिति २०८३।०७।२० को यस विभागको निर्णयानुसार अनुरोध छ ।

<u>विद्यालयले इमिसमा प्रविष्ट गर्ने तरिकाः</u>

१. IEMIS login गरी School Profile को Management & Others को "जग्गाको विवरण उल्लेख गर्नुहोस्" मा जानुहोस् ।

२. जग्गाको स्वामित्व, क्षेत्रफल, जग्गाधनी प्रमाण पत्र वा कानुनी डकुमेन्टको विवरण भर्दै जाने । यदि विद्यालयले एक भन्दा बढी कित्ता चर्चेको भए Action को + बटनमा गइ थप गर्दै जाने ।

३. प्रतिवेदनका लागि Reports को School Related भित्रको Land Report बाट प्राप्त गर्ने ।

शुसिल पौडेल
(तथ्याङ्क अधिकृत)

<u>बोधार्थः</u>
श्री शिक्षा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री स्थानीय तह सबै – समन्वय र सहजीकरणका लागि ।
श्री सामुदायिक विद्यालय, सबै – तोकिएको समयभित्र पत्रानुसारको कार्य अनिवार्यरुपमा सम्पादन गर्नुहुन् ।